# धनगढीमाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**धनगढी, सिरहा**
**मधेश प्रदेश, नेपाल**

## विज्ञापन कर ठेक्का वन्दोवस्त सम्बन्धी सुचना

**प्रथम पटक सुचना प्रकाशन मितिः २०८२/०३/२३**

नेपालको संविधान(२०७२) को अनुसुची– ८ को क्र.स. ४, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६४(ग) र धनगढीमाई नगरपालिकाको आर्थिक ऐन २०८१ को अनुसुचि–५ बमोजिम यस नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रही विज्ञापन कर संकलनको लागि तपशिलको शर्तमा रही इच्छुक व्यक्त/फर्मले शिलबन्दी दरभाउ पत्र पेश गर्नको लागि यो सुचना प्रकाशित गरिएको छ।

**शर्तहरुः–**

१) यो सुचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) औ दिन भित्र यस कार्यालयको राजश्व शाखाबाट रु.१०००/– (एक हजार मात्र) मा दरभाउ पत्र फार्म प्राप्त गर्न सकिने छ। यो रकम पछि फिर्ता हुने छैन।

२) यो सुचना प्रकाशन भएको मितिले १६(सोह्रौ) औ दिन दिनको १२.०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरिसक्नु पर्ने छ। रित पुर्वक दर्ता भएको दरभाउ पत्र सोहि दिन दिनको २.०० बजे दरभाउ पत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। दरभाउ पत्र दाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा दरभाउ पत्र खोल्न बाधा पर्ने छैन।

३) कबोल अंक भर्दा मूल्य अभिवृद्धि कर (VAT) बाहेकको दररेट भर्नु पर्ने छ।

४) दरभाउ पत्र दाताले कबोल गरेको अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको कुमारी बैंक, धनगढीमा रहेको धरौटी खाता नं. २६४०२४७७०२८०००१२ मा नगद रकम जम्मा गरि सक्कल भौचर यस कार्यालयको राजश्व शाखामा जम्मा गर्नुपर्ने छ।

५) यो ठेक्काको अवधि आ.व.२०८२/०८३ देखि आ.व.२०८४/०८५ सम्म रहने छ। र कबोल गरेको अंकमा १० प्रतिशत थप गरि क्रमश दोस्रो आ.व.२०८२/०८३ र तेस्रो आ.व.२०८४/०८५ मा साउन मसान्त भित्र बुझाउनु पर्ने छ।

६) ठेक्का स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार यस नगरपालिकामा निहित रहने छ।

७) संस्थागत आवेदकका हकमा आफु त्यस्तो दरभाउ पत्र दाखिला गर्न अयोग्य नभएको भनि स्वः घोषणा पत्र पेश गर्नु पर्ने छ। साथै दर्ता प्रमाण पत्र, नविकरण गरिएको इजाजत पत्र, स्थायी लेखा नं., कर चुक्ता प्रमाण पत्र र नागरिकताको प्रतिलिपि पेश गर्नु पर्ने छ।

८) दरभाउ पत्र फारम खरिद गर्ने, पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमश त्यस पछि कार्यालय खुल्ने पहिलो दिन हुने छ।

९) स्वीकृत दरभाउपत्रदाताले आफुले कवोल गरेको ठेक्का रकम बढिमा दुई किस्तामा बुझाउनुपर्ने छ। प्रथम किस्ता कबोल अंकको ५० प्रतिशत नगद रकम ठेक्का समझौताको दिन र दोस्रो किस्ता ५० प्रतिशत बराबरको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाँउमा जारी भएको १३ महिना म्याद भएको कार्य सम्पादन जमानी पत्र सक्कल प्रति सम्झौता गर्नु अगाबै पेश गर्नु पर्ने छ। क्रमश दोस्रो र तेस्रो आ.व.मा यसै अनुसार बुझाउनुपर्ने हुन्छ।

१०) यस सुचनामा नपरेका कुराहरु प्रचलित ऐन नियम अनुसार हुनेछ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | न्यूनतम वार्षिक अंक (मु.अ.कर बाहेक) | धरौटी | कैफियत |
|---|---|---|---|---|---|
| १. | DH-MUN-०२-२०८१/०८२ | यस नगरपालिका क्षेत्रभित्र विज्ञापन कर संकलन गर्ने | ७५,०००/– (अक्षरेपी रु. पचहत्तर हजार मात्र) | कबोल अंकको ५ प्रतिशत | |

**धनगढीमाई नगरपालिका, धनगढी (सिरहा)**


# उपभोक्ता समितिको उजुरीमा जिप्रका सप्तरीद्वारा कन्सल्टेन्सीमा छापा

राजविराज, २४ असार। पर्यटन विकास कार्यालय लहान, सिरहाले सप्तरीको राजविराज नगरपालिका–८ स्थित शुभलक्ष्मी इन्जिनियरिङ्ग कन्सल्टेन्सीबाट कमिसन उठाउने गरेको खुलेको छ। स्थानीय उपभोक्ता समितिले गरेको उजुरीका आधारमा सोमबार जिल्ला प्रशासन कार्यालयको टोलीले कन्सल्टेन्सीमा छापा मार्दा कार्यालयका सब–इन्जिनियरसहित आठ थान फाइल बरामद भएपछि सो विषय खुल्न आएको हो।

कार्यालयका सब–इन्जिनियर सुरेन्द्रकुमार यादवलाई नियन्त्रणमा लिएको छ भने बरामद गरिएका केही फाइलमा सरकारी छापसमेत लागेको छ। ती कागजात कारबाहीका लागि जिल्ला प्रशासन कार्यालय सिरहा पठाइएको जिल्ला प्रशासन कार्यालय सप्तरीका सूचना अधिकारी जितेन्द्रकुमार पासवानले बताए। 'कर्मचारी र कन्सल्टेन्सीबारे छानबिन भइरहेको छ,' उनले भने।

टोलीले सब–इन्जिनियर यादवले चढ्ने गरेको बीएसी ६९७० नम्बरको स्कर्पियो र को८प ७२१२ नम्बरको मोटरसाइकल पनि लगेको छ। टोली कन्सल्टेन्सीमा पुग्नासाथ सब–इन्जिनियर यादव, कन्सल्टेन्सका कर्मचारी श्याम दास र उपभोक्ता समितिका पदाधिकारी भाग्न खोजेका थिए। टोलीका कर्मचारी र प्रहरीले उनीहरूलाई नियन्त्रणमा लिएका हुन्। कार्यालयका प्रमुख वसन्तकुमार दासले भने मोबाइल 'स्विचअप' गरेका छन्। उनको पनि घर राजविराज नै हो। स्थानीय आशा दासको नाममा रहेको सो कन्सल्टेन्सीबाट असार लागेदेखि नै कमिसन लिँदै भुक्तानीको लागि फाइल तयार हुँदै आएको छ। कान्तिपुरलाई प्राप्त 'भिडियो क्लिप' अनुसार सब–इन्जिनियर यादवले उपभोक्ता समितिसँग 'बार्गेनिङ' गरी एक लाख २० हजार रुपैयाँ उठाइसकेपछि भुक्तानी गरिदिन कार्यालय प्रमुख दासलाई जानकारी गराएका हुन्।

उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय, मधेश प्रदेशका प्रवक्ता कमलेशकुमार मिश्रले कार्यालय प्रमुख दासको बदमासी देखिए कारबाही हुने बताए। 'त्यसरी गर्न नहुने हो तर गरेको रहेछ भने कारबाही हुन्छ,' उनले भने, 'म अहिले बाहिर छु, मन्त्रालय गएपछि थप बुझ्नेछु।'

# मजदुरको मृत्यु

महोत्तरी, २४ असार। महोत्तरीको औरही नगरपालिका–७ मा रहेको कृषि सडकमा कल्भर्ट निर्माण गरिरहेका एक मजदुरको साँझ करेन्ट लागेर मृत्यु भएको छ। मृत्यु हुनेमा जिल्लाको रामगोपालपुर–५ बस्ने ३२ वर्षीय मजदुर छट्टु मुखिया रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक शैलेन्द्रकुमार भट्टले बताए। औरही नपा–७ भोयल निम्किया गाउँको कृषि सडकमा कल्भर्ट निर्माण गर्दै गरेको मजदुर छट्टुको शरीरमो बिजुलीको तार चुँडिएर खस्दा करेन्ट लागेर मृत्यु भएको प्रत्यक्षदर्शी स्थानीय रोशनकुमार यादवले बताए।

स्थानीय तथा पीडित परिवारले विद्युत् प्राधिकरणको लापरबाहीको कारण घटना घटेको आरोप लगाएका छन्। प्रहरीले घटनास्थलमा पुगेर सर्जमिन मुचुल्का तथा शवपरीक्षणका लागि अस्पताल पठाउने तयारी गरिहेको जिल्ला प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक भट्टले बताए।

## के हो क्लाउड ...

आएको विनाशकारी बाढीजस्तै हालैको टेक्सासको बाढीले पनि क्लाउड सिडिङको भूमिकाबारे प्रश्न उठाएको छ। दुवै घटनामा अत्यधिक, रेकर्ड तोड वर्षा भयो जसले पूर्वाधार र जल निकासी प्रणालीलाई ध्वस्त पारिदियो। फलस्वरूप, ठूलो जनधनको क्षति भयो। टेक्सासको बाढीमा क्लाउड सिडिङको सम्भावित भूमिकाबारे केहीले आशंका व्यक्त गरे पनि मौसमविद्हरूले यसलाई मुख्यतया 'प्राकृतिक तर चरम मौसमी घटना' मानेका छन् जुन तातो हावा र उच्च आर्द्रताले गर्दा तीव्र बनेको थियो। दुबईको सन्दर्भमा बाढी आउनुभन्दा केही दिनअघि क्लाउड सिडिङ गरिए पनि विज्ञहरूले प्राकृतिक र तीव्र मौसमी प्रणालीलाई नै मुख्य कारण मानेका छन् जुन सहरको अपर्याप्त जल निकासी प्रणालीले गर्दा झनै जटिल बनेको थियो।

यी घटनाहरूले एउटा महत्त्वपूर्ण यथार्थलाई उजागर गरेका छन् : मानव हस्तक्षेप भए पनि नभए पनि आधुनिक सहरहरू र पूर्वसूचना प्रणालीहरू बढ्दो 'जलवायु परिवर्तन' प्रेरित चरम मौसमी घटनाहरूको सामना गर्न अक्सर तयार एवं सक्षम नहुने रहेछन्। टेक्सासको बाढी, दुबईको जस्तै एउटा गम्भीर चेतावनी हो – हामीसँग उन्नत प्रविधि हुँदाहुँदै पनि प्रकृतिको शक्ति अप्रत्याशित र विनाशकारी हुन सक्छ।

**मौसम परिवर्तनको नैतिक र राजनीतिक प्रश्न**

क्लाउड सिडिङबारेको बहस यसको वैज्ञानिक प्रभावकारिताभन्दा बाहिर यसको नैतिक र राजनीतिक प्रभावसम्म फैलिएको छ। मानवलाई मौसम नियन्त्रण गर्ने अधिकार छ कि छैन? वातावरणमा रसायनहरू छर्दा दीर्घकालीन वातावरणीय असर के होला ? के एक क्षेत्रमा मौसम परिवर्तन गर्दा अर्को क्षेत्रमा 'पानीको राजनीति' र अन्तर्राष्ट्रिय विवाद निम्त्याउन सक्ने नकारात्मक असर पर्छ ? यो बहस राजनीतिक क्षेत्रमा पनि प्रवेश गरेको छ। ठूलो मात्रामा सरकारी नेतृत्वमा मौसम नियन्त्रण कार्यक्रमहरू नभए पनि, अमेरिकी सांसद प्रतिनिधि सभा सदस्य मार्जोरी टेलर ग्रीनले क्लाउड सिडिङ र अन्य मौसम परिवर्तनका कार्यहरूलाई दण्डित गर्ने विधेयक पेस गरेकी छन् भन्ने यसको उदाहरण हो ।

**–सावधानीपूर्वक अगाडि बढ्ने आवश्यकता**

'क्लाउड सिडिङ' जल संकट समाधान गर्न सक्ने एउटा शक्तिशाली प्रविधि हो र यसलाई सावधानीपूर्वक विचार एवं कडा वैज्ञानिक निगरानीमा मात्र प्रयोग गरिनुपर्छ। अनियन्त्रित वा राजनीति प्रेरित प्रयोगले दीर्घकालीन जोखिम निम्त्याउन सक्छ। क्लाउड सिडिङको नैतिकता यसको उद्देश्य, पारदर्शिता र मानवता तथा वातावरणमा यसको दीर्घकालीन प्रभावमा निर्भर गर्छ।

टेक्सासमा हालैका घटनाहरूले हामीले आफ्नो मौसमलाई बुझ्न र सम्भव भए प्रभाव पार्न प्रयास गर्दागर्दै पनि, बढ्दो अप्रत्याशित र तीव्र मौसमी ढाँचाहरूको सामना गर्न तयारी र दिगो अभ्यासहरूलाई प्राथमिकता दिनुपर्छ भन्ने हामीलाई स्मरण गराएका छन्। यस घटनाबाट पाठ सिक्दै के हामी जलवायु परिवर्तनका चुनौतीहरूलाई सम्बोधन गर्न र भविष्यमा यस्ता विनाशबाट बच्न अझ गम्भीरताका साथ तयारी गर्नेछौं ?

## मधेसको ...

समय घर्किंदै गएपनि बजेटमा बिचौलिया हाबी भएको भन्दै सदनमा सधैँ विरोध हुन थालेपछि मुख्यमन्त्री सतिस सिंहले सर्वदलीय बैठक डाकेका हुन्। सर्वदलीय बैठकका सत्तारुढ दलहरु कांग्रेस, एमाले, जनमत, लोसपासहित विपक्षी दलहरु माओवादी केन्द्र, जसपा नेपाल, एकीकृत समाजवादी, राप्रपा, नागरिक उन्मुक्ति र संघीय समाजवादी पार्टीको उपस्थिति रहेको थियो। विपक्षी ६ दलले बजेटमा बिचौलिया हाबी भएको आरोप लगाउँदै व्यक्ति केन्द्रित बजेट रहेको तर्क दिँदै आइरहेका छन्।

## पाहुना बोलाउन...

बस्तीमा आर्थिक अवस्था कमजोर भएकाले धेरै वर्षसम्म सडक, नाला, खानेपानीजस्ता आधारभूत सुविधा पर्खिरहनुपर्यो", उनले भने, "हामीले बस्तीको अवस्थालाई बुझेर प्राथमिकताअनुसार सडक निर्माण अघि बढाएका हौँ। अहिले सडक बनेपछि यहाँको जीवनशैलीमै सकारात्मक परिवर्तन आएको छ।"

पूर्वाधार विकास कार्यालय सिरहाका प्राविधिक राजु यादवका अनुसार, ग्रामीण क्षेत्रमा निर्माण गरिने शाखा सडकका लागि कालोपत्र सडकको सट्टा आरसिसी ढलान प्रविधि अधिक उपयुक्त हुने देखिएको छ। उनले भने, "गाउँघरका शाखा सडकमा आरसिसी ढलान उपयुक्त हुन्छ। यसले सडकको दिगोपना ल्याउँछ र लामो समयसम्म टिकाउ रहन्छ।" उनका अनुसार ग्रामीण क्षेत्रका सडकमा दैनिक सवारीसाधनको चाप कम भएता पनि स्थानीयले गाईवस्तु सडमै बाँध्ने तथा त्यसको दिसापिसाब, पानीको बहाव, हिलो, धुलो र उचित नाली व्यवस्थाको अभावका कारण कालोपत्र सडक चाँडै बिग्रने गरेका छन्। यस्ता सडक हरेक वर्ष मर्मत गर्नुपर्ने अवस्था आउँछ, जसले समय, श्रम र लागत दुवै बढाउँछ। यस्तो संरचना विशेषगरी पानीको सतह नहट्ने, हिलाम्मे वा उबडखाबड भूभागमा बढी प्रभावकारी हुन्छ।

**अबको आशाः घर पनि पक्की बनाउने सपना**

भुस्कुलियाका घर अझै पनि कच्ची छन्, तर सडकले विकासको ढोका खोलेको छ। अब यहाँका बासिन्दाको नयाँ सपना भनेको पक्की सडकसँगै पक्की घर निर्माण गर्नु हो। वडाध्यक्ष यादव भने, "अब हाम्रो ध्यान बस्तीको समग्र विकासमा छ। शिक्षा, स्वास्थ्य र आवास सुधारमा पनि योजना बनाइरहेका छौँ।" वर्षौंसम्म धुलो र हिलोसँग जुध्दै आएको यो कच्ची बस्तीले बाँसको टाटी, माटो र जस्ताले बनाइएका घरको विकल्प खोजिरहेको छ। वर्षायाममा हुने डुबानले हैरान छन् स्थानीय। बहत्तरु वर्षीय वृद्ध लक्ष्मी साह भने, "पानी पर्यो भने घरभित्रै बाल्टिन राखेर हिलो बटुल्नुपर्थ्यो। अहिले त कम्तीमा बाहिर हिँड्न सजिलो छ। अबचाहिँ सरकारले केही सहायता गरोस्, हामी पनि घर बलियो बनाउन सकेको प्रयास गर्छौं।" आवास कार्यक्रम अन्तर्गत सहयोगको पहल गरिरहेको वडाध्यक्ष यादवको भनाइ छ। उनका अनुसार बस्तीमा सामुदायिक भवन, पिउने पानीको पहुँच र साना व्यावसायिक सीप विकासका योजना पनि क्रमशः अगाडि ल्याइँदै छन्। वास्तवमा, भुस्कुलियाको सडक केवल ढलानमात्र होइन, त्यो सपना, सम्भावना र सम्मानको बाटो हो। आज सडक पक्की भएको छ, भोलि घर पक्की हुने विश्वासमा बस्तीका मान्छे जीउन थालेका छन्।

## दूधको ४ अर्ब...

व्यवसायीले भुक्तानी नगरे फेरि व्यवसायीहरूलाई बोलाएर किन भुक्तानी भएन भनेर सोध्ने र अन्य छलफल गरिने मन्त्रालयको तयारी छ। 'समयमा दूधको भुक्तानी नपाउँदा किसान मारमा परेका छन्, हामीले छिटोभन्दा छिटो भुक्तानी गर्न निर्देशन दिएका छौं,' मन्त्रालयका एक उच्च अधिकारीले भने, 'व्यवसायीहरूले पनि भुक्तानी गर्छौं भनेर प्रतिबद्धता जनाउनुभएको छ। यदि त्यो भएन भने हामीले उहाँहरूलाई पुनः निर्देशन दिने वा मन्त्रालयमै बोलाएर छलफल गर्ने काम गर्छौं।'

CamScanner